नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ति

कन्चनपुर जिल्ला भिमदत्त नगरपालिका वडा नं. २ निवासी १३ वर्षीया बालिका निर्मला पन्तको मिति २०७५/०४/११ गते भएको मृत्युको घटना र सो को अनुसन्धान सम्बन्धी विषयलाई लिएर हाल कन्चनपुर सदरमुकाममा भइरहेका विरोध प्रदर्शन लगायतका घटनाहरुको सम्बन्धमा गृह मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । मिति २०७५/०४/१० गते साँझ निज बालिका घर परिवारको सम्पर्कमा नआएको प्रहरीलाई जानकारी हुँदा साथ खोजतलास गर्ने क्रममा मिति २०७५/०४/११ गते विहान बालिकाको शव फेला परेको । घटनामा संलग्न दोषी व्यक्तिहरु पत्ता लगाई कानूनी कारवाही गर्ने स्थानीय प्रशासन र बालिकाका आफन्तहरुबीच भएको समझदारी पश्चात मृतक बालिकाको मिति २०७५/०४/१४ मा दाहसंस्कार भएको ।

घटनाको गम्भीरतालाई दृष्टिगत गरी घटना घटेको मितिदेखि नै स्थानीय प्रहरीले अनुसन्धान गरिरहेकोमा गृह मन्त्रालयको निर्देशनमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोबाट प्र.ना.उ. को नेतृत्वमा विशेष अनुसन्धान टोली अनुसन्धान कार्यलाई तीव्रता दिन खटाईएको । अनुसन्धान टोलीले तत्काल देखिएको प्रमाणका आधारमा भीमदत्त नगरपालिका वडा नं. १९ का दिलीपसिंह विष्टलाई २०७५/०५/०५ मा पक्राउ गरी थप अनुसन्धान समेत भइरहेको छ । उक्त घटनाको अनुसन्धानमा नेपाल प्रहरीका अतिरिक्त अन्य सुरक्षा निकाय तथा विशेष दक्ष जनशक्ति समेत परिचालित भइरहेको अवस्था रहेको छ । घटनाको संवेदनशीलता र परिवारजनमा पर्न गएको पीडाप्रति गृह मन्त्रालय र मातहत स्थानीय प्रशासन सदैव गम्भीर रहेको र अनुसन्धान तथा छानविनको कार्य हालसम्म पनि निरन्तर नै रहेको जानकारी गराईन्छ ।

राज्य कहिले पनि अपराधी र अपराधमैत्री हुन सक्दैन र भएको पनि छैन । स्थानीय प्रशासन तथा प्रहरीले समग्र नागरिकको जीउधन एवं सार्वजनिक सम्पत्तिको संरक्षण गरी जनजीवनलाई सामान्य

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

बनाई राख्न कानून प्रदत्त अधिकार प्रयोग गर्नु नै पर्ने हुन्छ, स्थितिलाई संयमित बनाइराख्न सहयोग गर्नु सबैको कर्तव्य समेत भएकोले यसमा सबैको सहयोगको लागि गृह मन्त्रालय हार्दिक अपिल गर्दछ ।

निर्मला पन्तको मृत्युको घटना तथा अनुसन्धान सम्बन्धमा विस्तृत छानविन तथा अनुसन्धान गरी पन्ध्र दिनभित्र प्रतिवेदन पेश गर्ने गरी गृह मन्त्रालयका सहसचिव (महानिर्देशक) श्री हरि प्रसाद मैनालीको संयोजकत्वमा तीनवटै सुरक्षा निकायका प्रहरी नायब महानिरीक्षकहरु र आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ७ का प्रतिनिधि समेत रहेको ५ सदस्यीय उच्चस्तरीय छानविन समिति गठन गरी छानबिनका लागि खटाइ सकिएको छ, साथै उक्त जिल्लामा कार्यरत प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक तथा प्रहरी नायब उपरीक्षकलाई तत्काल फिर्ता बोलाई निजहरुको स्थानमा नयाँ पदाधिकारीहरु समेत खटाइसकिएको जानकारी गराईन्छ ।

बालिका मृत्युको निन्दनीय घटनाप्रति पुनः दुख व्यक्त गर्दै यस प्रकारका जघन्य अपराधमा संलग्न जो कोहीलाई पनि कानूनी कारवाही हुने र अनुसन्धान कार्यमा संलग्न पदाधिकारीबाट समेत यदि कुनै कमी कमजोरी गरे गराएको पाइए अनुसन्धान गरी कानून अनुसार कडा कारवाही गरिने विषयमा गृह मन्त्रालय सदैव प्रतिवद्ध रहेको छ । समस्याको समाधान शान्तिपूर्ण र विधिसम्मत ढंगबाट हुने नै हुँदा शान्ति सुव्यवस्था कायम राखी थप जनधनको क्षति हुनबाट रोक्न आ-आफ्नो स्थानबाट सहयोग गर्न समेत सम्बद्ध सबैमा गृह मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

मितिः २०७५/०५/०७

रामकृष्ण सुवेदी

प्रवक्ता एवं सहसचिव